Sancharika Samuha
समानताको लागि सञ्चार
Community for Equality

# सञ्चारिका लेखमाला
# Sancharika Feature Service

वर्ष ९ अंक ७ मासिक असार/साउन July 2006


- *एचआईभी सङ्क्रमित हुन् मेरा जीवनका सहारा : दीक्षा रिमाल* — शान्ता अधिकारी
  एचआईभी हुँदैमा आत्तिहाल्नुपर्दैन ।
- *किशोरी विवाह नारी शिक्षाको बाधक* — इराद्रा पहाडी
  अझै पनि बालविवाह ?
- *छुवाछूत कानुनबाट मात्रै हट्यो, व्यवहारमा खोई ?* — अञ्जना न्यौपाने
  इनारबाट पानी झिक्न पनि डर
- *समान ज्याला पाउन थाले प्युठानी महिलाले* — बिमला पाण्डे
  समान ज्याला पाउँदा खुसी छन् उनीहरू
- *किन फरक छ समान काम र समान ज्यालाको नीति ?* — लोचना शर्मा
  समान काममा असमान ज्याला किन ?
- *माओवादी प्रभावित क्षेत्रमै शिक्षाबाट वञ्चित छन् बालिका* — शारदा शर्मा
  द्वन्द्वका कारण विद्यालय छाड्न विवश बालिका
- *आमाको नामबाट नागरिकता : कार्यान्वयनमा किन ढिलाइ ?* — सन्ध्या पौडेल
  कार्ड नबन्दा नागरिकताबाटै वञ्चित
- *काम एकातिर भीसा अर्कोतिर* — भरतराज पोखरेल
  महिलाका लागि वैदेशिक रोजगार अवसर र चुनौती दुवै




सञ्चारिका समूह/नेपाल

# एचआईभी सङ्क्रमित हुन् मेरा जीवनका सहारा : दीक्षा रिमाल

*बाबुआमाले १८ वर्षको उमेरमा विवाह गरिदिएपछि दीक्षाका दिन सुख होइन, दुःखैदुःखले बित्न थाले । घरको जिम्मेवारी त के कुलतमा समेत लागे उनका लोग्ने । दिनभरि बेरोजगार भएर बरालिने उनी बेलुका घर फर्किंदा त नशामा भुम्म हुन्थे । लामो समयसम्म लोग्ने सँगसँगै बसे पनि उनले कुनै सहयोग पाइनन् । स्वदेशमा पैसा पनि नकमाउने, घर पनि नहेर्ने भएपछि लोग्नेलाई विदेश पठाएर हुन्छ कि भनेर पनि सोच्न थालिन् उनी । यसका लागि सासूससुरासँग सरसल्लाह पनि गरिन् ।*

**✍ शान्ता अधिकारी**

*त्यसैबेला उनले आफूलाई पनि एचआईभी पोजेटिभ भएको थाहा पाइन् । एचआईभी पोजेटिभ र एड्स भन्ने खासै अन्तर थाहा नभएर होला रगतको परीक्षणपछि डाक्टरले तपाईंहरू दुवैलाई एड्स लागेछ भनेर भनेको कुरा स्मरण गर्दै दीक्षाले भनिन्- त्यतिबेला त आफू यसरी बाँचौंलाजस्तो कत्ति पनि लागेको थिएन । अहिले भने नयाँ जीवन नै सुरुवात भएकोजस्तो लागेको छ ।*

केही वर्षअघि रगत परीक्षण गर्दा एचआईभीको भाइरस देखिएपछि दीक्षा रिमाललाई आकाश नै आफैंमाथि खसेजस्तै भयो । त्यतिबेला अब जीवनको अन्तिम दिन धेरै टाढा छैन भन्ने लागेको थियो उनलाई । त्यस्तो परिणाम आएको पनि अहिले चार वर्ष बित्यो, दीक्षामा भने झन् आँट र साहस बढेको छ, उत्साह थपिएको छ । उनी आफूजस्तै एचआईभी सङ्क्रमित महिलाहरूको संस्था चितवन सक्रिय समूहको अध्यक्षको रूपमा व्यस्त छिन् अहिले । उनी अहिले आफूजस्तै सङ्क्रमित महिलाहरूलाई कसरी एचआईभी सङ्क्रमणबाट बचाउने भन्ने काममा व्यस्त छिन् ।

लोग्नेबाट उनलाई १८ वर्षको कलिलो उमेरमा एचआईभी सरेको थियो । पूर्वीचितवनको खैरहनी गाविस ४ स्थायी घर भई हाल भरतपुर १२ बस्दै आएकी २२ वर्षीया रिमाल आँट, साहस र सौदर्यकी धनी मात्र छैनन् उनीसँग केही गरौं भन्ने दृढविश्वास पनि छ । त्यस्तै आँट र साहसका कारण एक वर्षअगाडि नेपाल परिवार नियोजन संघले आयोजना गरेको मिसेज एचआईभी स्टिग्मा फ्रि कन्टेस्टमा प्रथम स्थान हासिल गर्न सफल भइन् उनी । गत वर्ष उनको जीवनमा आधारित नेपाल टेलिभिजनले बनाएको 'एचआईभी लाञ्छनामुक्त प्रतियोगिता' (स्टिग्मा फ्रि कन्टेस्ट) नामको वृत्तचित्र एसिया प्यासिफिकका १४ देशहरूबीच भएको प्रतिस्पर्धामा अन्तिम छनोटमा प्रथम भएको थियो । प्रतिस्पर्धाको सुरुमा १०० देशका वृत्तचित्रहरू प्रदर्शित गरिएका थिए । यसले उनलाई मात्र होइन एचआईभी सङ्क्रमित सबै युवालाई उत्साहित बनाएको छ ।

बाबुआमाले १८ वर्षको उमेरमा विवाह गरिदिएपछि दीक्षाका दिन सुख होइन, दुःखैदुःखले बित्न थाले । घरको जिम्मेवारी त के कुलतमा समेत लागे उनका लोग्ने । दिनभरि बेरोजगार भएर बरालिने उनी बेलुका घर फर्किंदा त नशामा भुम्म हुन्थे । लामो समयसम्म लोग्ने सँगसँगै बसे पनि उनले कुनै सहयोग पाइनन् । स्वदेशमा पैसा पनि नकमाउने, घर पनि नहेर्ने भएपछि लोग्नेलाई विदेश पठाएर हुन्छ कि भनेर पनि सोच्न थालिन् उनी । यसका लागि सासूससुरासँग सरसल्लाह पनि गरिन् । विदेश पठाउने रहरसँगै आएको खुसियालीमा पुनः बज्रपात पऱ्यो । । विदेशमा गएर लोग्नेले पैसा कमाउने धोकोमा पनि कुठाराघात भयो । लोग्ने सप्रिने रहर पनि मऱ्यो । विदेश जाने रहरसँगै एकाएक लोग्नेमा एचआईभी पोजेटिभ भएको थाहा भएपछि यो स्थिति उत्पन्न भएको हो ।

त्यसैबेला उनले आफूलाई पनि एचआईभी पोजेटिभ भएको थाहा पाइन् । एचआईभी पोजेटिभ र एड्स भन्ने खासै अन्तर थाहा नभएर होला रगतको परीक्षणपछि डाक्टरले तपाईंहरू दुवैलाई एड्स लागेछ भनेर भनेको कुरा स्मरण गर्दै दीक्षाले भनिन्- त्यतिबेला त आफू यसरी बाँचौंलाजस्तो कत्ति पनि लागेको थिएन ।

अहिले भने नयाँ जीवन नै सुरुवात भएकोजस्तो लागेको छ ।

त्यति नै बेला विदेशमा पैसा कमाउन जाने भन्ने कुरालाई थाती राखेर उनीहरू उपचारका लागि भारत पुगे । भरतपुरका ज्योतिषी कमलराज भण्डारीको औषधि पनि खाए । तर कुनै पनि औषधिले सकारात्मक प्रभाव पार्न नसकेको दीक्षाले बताइन् । श्रीमान्को लागूऔषध प्रयोग गर्ने कुलतमा पनि कुनै परिवर्तन देखिएन । सँगै बस्ने कल्पना पनि गर्न नसकेपछि उनले लोग्नेसँग अंशमुद्दा गरिन् । सहज वातावरणमा अंशमुद्दा नटुंगिएपछि उनीहरूको सम्बन्धविच्छेद भयो । त्यसपछि उनीहरू भिन्दै बस्न थाले । पारपाचुकेपछि पनि उनका लोग्नेले लागूऔषधको सेवन छोडेनन् जसका कारण लोग्नेको गत वैशाखमा मृत्यु भयो ।

पारिवारिक जीवन सुखद हुन नसकेपछि उनले सामाजिक काम गर्न सुरु गरिन् । गाउँमै एचआईभी सङ्क्रमितहरूले रोगलाई लुकाएर बस्न हुँदैन भनेर परामर्श दिन थालिन् । चितवन सक्रिय समूहमा आबद्ध भएपछि उनले आफू मात्र होइन आमाबाबुलाई समेत सार्वजनिक गर्न कोसिस गरिन् । आफ्नो तस्बिर पनि सार्वजनिक गरिन् । उनको आग्रहलाई बाबुआमाले समेत स्वीकार गरे । समाज परिवर्तन गर्न पहिले आफैंबाट सुरु गर्नुपर्छ भन्ने मान्यता लिएकी दीक्षा एचआईभी सङ्क्रमण हुनु नयाँ जीवनको सुरुवात हो भन्छिन् । त्यसैले आत्मबल बढाउनुपर्छ भनेर सङ्क्रमितहरूलाई सिकाउँदै आएकी छन् ।

दीक्षाले नेतृत्व गरेको चितवन सक्रिय समूहले संस्थामा आबद्धहरूलाई अहिले विभिन्न दातृसंस्थाबाट प्राप्त पौष्टिक आहार वितरण गर्ने गरेको छ । उक्त संस्थामा अहिले २५ जना आबद्ध छन् । किशोरी समूहको गठन र फिल्डमा गएर प्रशिक्षण दिनेजस्ता कामहरू संस्थाले गर्ने गरेको छ । संगठनभित्र आबद्ध रहेका महिला दिदीबहिनीहरूले फिल्डमा गएर परिवारलाई परामर्श दिने गरेका छन् । कहिलेकाहीँ त म आफैं पनि जाने गरेकी छु- दीक्षाले भनिन् । सुरुसुरुमा पुरुषहरूलाई पनि सहभागी गराइएको थियो, पछि समूहको छुट्टै पहिचानका लागि समूहमा महिला मात्र राखिएको उनी बताउँछिन् ।

धेरै महिलाले आफूलाई सङ्क्रमित छु भनेर भन्न नसकिरहेको बताउँछिन् उनी । थुप्रै सङ्क्रमित महिलाका बालबच्चा पनि छन् । बालबालिकाका लागि पनि सहयोगको खाँचो भएको दीक्षाले बताइन् । महिला र पुरुष सङ्क्रमितहरूका लागि काम गर्ने थुप्रै संस्थाहरू छन्, तर बालबालिकाका लागि त्यस्ता कार्यक्रमहरू ल्याइएका छैनन् । चितवन जिल्लामा सङ्क्रमित आमामै मात्र आश्रित

*धेरै महिलाले आफूलाई सङ्क्रमित छु भनेर भन्न नसकिरहेको बताउँछिन् उनी । थुप्रै सङ्क्रमित महिलाका बालबच्चा पनि छन् । बालबालिकाका लागि पनि सहयोगको खाँचो भएको दीक्षाले बताइन् । महिला र पुरुष सङ्क्रमितहरूका लागि काम गर्ने थुप्रै संस्थाहरू छन्, तर बालबालिकाका लागि त्यस्ता कार्यक्रमहरू ल्याइएका छैनन् । चितवन जिल्लामा सङ्क्रमित आमामै मात्र आश्रित २३ जना बालबालिका छन् । तीमध्ये आठजना मात्र विद्यालय जान्छन् ।*

२३ जना बालबालिका छन् । तीमध्ये आठजना मात्र विद्यालय जान्छन् । विद्यालयमा पनि एचआईभी लागेका आमाबाट जन्मेका बालबालिकालाई भेदभाव गर्ने गरिएकोले पनि थुप्रै आमाले आफू एचआईभी पोजेटिभ हुँ भनेर भन्न सकिरहेका छैनन् । सरकारले पनि यस्ता समस्या समाधान हुने प्रकारका कार्यक्रम ल्याउनुपर्छ ।

त्यसरी सङ्क्रमितका लागि भनेर आउने बजेट सङ्क्रमितकै सहभागितामा बनेका संस्थाहरूमार्फत खर्च हुनुपर्छ, होइन भने सङ्क्रमितको नाममा आएको बजेट कसरी खर्च भइराखेको छ त्यसको पनि निष्पक्ष रूपमा निरीक्षण गरिनुपर्छ- उनले भनिन् । प्रतिबद्धता जाहेर गरेका काम समयमै गरियो भने एचआईभी सङ्क्रमितबाट एड्स लाग्न नदिन र सङ्क्रमितको आयुलाई पनि बढाउन सकिन्छ । उनको भनाइ छ- सन् २००१ मा तत्कालीन सरकारले प्रतिबद्धता जाहेर गरी हस्ताक्षर गरेको ११ बुँदे प्रतिबद्धता पनि लागू हुनुपर्‍यो । यस्ता प्रतिबद्धता पूरा गर्नतर्फ लागेमा हाम्रो देशमा पनि एचआईभी रोकथामका लागि दह्रो संयन्त्र निर्माण हुन्छ भन्ने मलाई लागेको छ- उनी भन्छिन् ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# किशोरी विवाह नारी शिक्षाको बाधक

*'हाम्री दिदी-भाइ स्कुल जान्छौं हात समाई' भन्ने समानताको सन्देश बोकेका ठूला होर्डिङ बोर्डहरू आफ्नो घरअगाडि टांग्छन् । तर तिनै व्यक्तिहरू नै पटक-पटक परीक्षामा अनुत्तीर्ण छोरालाई ट्युसन पढाइरहेका हुन्छन् । तर एकपटक अनुत्तीर्ण छोरीलाई भने अब यसले पढ्न सक्दिन भन्दै बिहेका लागि अघि बढ्छन् ।*

**✍ इराद्रा पहाडी**

*'ससुराले त पढ्नु भन्नुभएको थियो तर आमा र छोराबीच फाटो पर्न नदिन मैले पढ्न छाडें, पढ्ने इच्छा नभएर होइन' लक्ष्मीले बताइन् । उनी लमजुङ जिल्लाको उत्तरी क्षेत्रमा रहेको खुदी बेनीस्थित अमर उच्चमाध्यमिक विद्यालयमा पढ्दै थिइन् । माया थापा र लक्ष्मी बस्नेत उदाहरण मात्र हुन् । खोजीपस्दा गाउँपिच्छे यस्तो पीडाबाट गुज्रन बाध्य किशोरीहरू दर्जनौं भेटिन्छन् ।*

'मलाई एसएलसी पास गर्ने अति ठूलो धोको थियो, तर मेरो विवाह भएको कारण मैले पूरा गर्न सकिनँ, मलाई अति दुःख लागेको छ।' यो भनाइ लमजुङ खुदी गाविसस्थित अमर उच्चमाविमा कक्षा ७ मा पढ्दै गर्दा बिहे गर्न बाध्य भएकी १७ वर्षीया माया थापाको हो । 'बिहे भयो नत्र म पनि विद्यालय गइरहेकी हुन्थें, यतिबेला मलाई पढ्ने ठूलो रहर छ' उनले बताइन् । अधिकांश बाबुआमाले आफ्ना छोरीहरूको विवाह नाबालक अवस्थामा नै गरिदिने परिपाटीले किशोरी विवाह नारी शिक्षाको बाधक बन्न पुगेको छ ।

दुई वर्षअघि ८ कक्षामा पढ्दै गरेकी १६ वर्षीया लक्ष्मी बस्नेतको बिहेको कुरा चलेको थियो । त्यति नै बेला उनले बुबासमक्ष पढ्ने चाहना व्यक्त गरिन् । चार छोरीका उनका बुबाले केटा र उसको परिवारसँग सो इच्छा व्यक्त गरे । बिहेपछि पनि पढाउने वचन पाएपछि उनको बिहे भएको हो । बिहेपछि उनी एक वर्ष त विद्यालय गइन् र राम्ररी नै ९ कक्षा पास पनि गरिन् । तर १० कक्षामा भर्ना हुने बेलामा सासूले अनेक कुरा निकालेर उनका लोग्नेलाई गाली गर्न थालेपछि त उनी पढाइ छाड्न विवश भइन् । 'ससुराले त पढ्नु भन्नुभएको थियो तर आमा र छोराबीच फाटो पर्न नदिन मैले पढ्न छाडें, पढ्ने इच्छा नभएर होइन' लक्ष्मीले बताइन् । उनी लमजुङ जिल्लाको उत्तरी क्षेत्रमा रहेको खुदी बेनीस्थित अमर उच्चमाध्यमिक विद्यालयमा पढ्दै थिइन् । माया थापा र लक्ष्मी बस्नेत उदाहरण मात्र हुन् । खोजीपस्दा गाउँपिच्छे यस्तो पीडाबाट गुज्रन बाध्य किशोरीहरू दर्जनौं भेटिन्छन् ।

'छोरीलाई पनि विद्यालय पठाऔं', 'नारी शिक्षामा जोड दिऔं', 'छोरा-छोरी दुवै समान हुन्', 'छोरीको बिहेबारी : २० वर्ष पारि' जस्ता विविध सन्देशहरू समाजमा दिनरात एवं चौबीसै घन्टा गुञ्जिरहन्छन् । तर पनि यी सन्देशहरूको कार्यान्वयनतर्फ हेर्ने हो भने उपलब्धि कम देखिन्छ । राजधानी काठमाडौंलगायत मुख्य शहरहरू पोखरा, विराटनगर, भरतपुरबाहेकका ठाउँमा हाम्रो ध्यान पनि जाँदैन किनकि हामीले शहरमा किशोरीहरू किशोरसरह एकै प्रकारका पोशाकमा सजिएर विद्यालय गएको देखेका छौं । तर हाम्रोजस्तो विकासोन्मुख देशको गाउँघरमा बस्ने अधिकांश किशोरी १६-१७ वर्षको उमेर पुग्न नपाउँदै बिहे गरी पराई घर जान बाध्य छन् ।

त्यस्तै, जति खर्च लागे पनि पढाइदिने वचन पाएर बिहे गरेकी भोटेओडार गाविस निवासी राममाया अधिकारीको शिक्षायात्रा पनि बिहेपछि टुंगियो । पढ्न जान्छु भन्दा 'अब पढेर न त सिङ पलाउँछ न पुच्छर नै, किन पढ्नुपर्‍यो ?' जस्ता वचन परिवारबाट पाएपछि उनले पढ्न छोडिन् । ७ कक्षा पास गरेकी राममाया 'आफूले पढ्न नपाए पनि आफ्नी छोरीलाई धेरै पढाउने' बताउँछिन् । उनका दुईवटी छोरी छन् ।

यो गाउँका थुप्रै किशोरी ११ कक्षा पूरा गर्न नपाउँदै नेपाली वा भारतीय सेनामा कार्यरत लाहुरेसँग विवाह गर्न पुग्छन् ।

*जति खर्च लागे पनि पढाइदिने वचन पाएर बिहे गरेकी भोटेओडार गाविस निवासी राममाया अधिकारीको शिक्षायात्रा पनि बिहेपछि टुंगियो । पढ्न जान्छु भन्दा 'अब पढेर न त सिङ पलाउँछ न पुच्छर नै, किन पढ्नुपर्‍यो ?' जस्ता वचन परिवारबाट पाएपछि उनले पढ्न छोडिन् । ७ कक्षा पास गरेकी राममाया 'आफूले पढ्न नपाए पनि आफ्नी छोरीलाई धेरै पढाउने' बताउँछिन् । उनका दुईवटी छोरी छन् ।*

सदरमुकामस्थित अर्थली बोर्डिङबाट ६५ प्रतिशत अंक ल्याएर एलएलसी उत्तीर्ण गरेकी पूजा पुन (नाम परिवर्तन) को गत मंसिरमा विवाह भयो । तर विवाहपछि पनि पढ्ने उनको इच्छा भने त्यसै टुंगियो । उनको इच्छा स्टाफ नर्स बन्ने थियो । इच्छा व्यक्त गर्दा आफ्नै बुबाले 'अब किन पढ्नुपर्‍यो ?' भनेपछि उनी निराश हुन पुगिन् । त्यस्तै बोर्डिङ स्कुलबाटै ७४ प्रतिशत अंक ल्याएर एसएलसी उत्तीर्ण गरेकी राधा पौडेल (नाम परिवर्तन) ले देखेको अधिवक्ता बन्ने चाहना आफ्नै मनभित्रै तुहियो । बुबाको इच्छाअनुसार भारतीय सेनामा कार्यरत कृष्ण शर्मासँग उनको बिहे भयो । त्यसपछि उनले सबै इच्छा दबाइन् । 'मैले पढेको उपलब्धि नै हुन नदिनुरहेछ त पैसा खर्च गरी किन बोर्डिङ पढाउनुभयो होला बुबाले ?' उनले प्रतिप्रश्न गरिन् ।

'हामी दिदी-भाइ स्कुल जान्छौं हात समाई' भन्ने समानताको सन्देश बोकेका ठूला होर्डिङ बोर्डहरू आफ्नो घरअगाडि टाँग्छन् । तर तिनै व्यक्तिहरू नै पटक-पटक परीक्षामा अनुत्तीर्ण छोरालाई ट्युसन पढाइरहेका हुन्छन् । तर एकपटक अनुत्तीर्ण छोरीलाई भने अब यसले पढ्न सक्दिन भन्दै बिहेका लागि अघि बढ्छन् । केही समयअघिको कुरा हो, सुन्दरबजारकी मीना केसीले यो स्तम्भकार १२ कक्षामा अध्ययनरत हो भन्ने थाहा पाएर सोधिन्- 'कति धेरै पढेको ? तपाईंको घरमा बिहेको कुरा चल्या छैन ?' उनको यो प्रतिप्रश्नबाट अनुमान गर्न सकिन्छ नारी शिक्षा र विवाहको अवस्था ।

'छोरी अर्काको घर जाने जात र जति पढे पनि अर्काको दैलो नपोती हुँदैन, पढाएर के काम ?' अधिकांश अभिभावकको यो सोचाइ पनि नारी शिक्षाको बाधक बनेको छ । आफ्ना किशोरी छोरीहरूको उमेर नपुग्दै विवाह गरिदिने अभिभावकहरूलाई बालविवाहविरोधी कानुनले पनि छुन सकेको देखिँदैन । तपाईंले आफ्नी छोरीलाई किन २० वर्ष नपुग्दै बिहे गराइदिनुभयो भन्ने जिज्ञासामा सिम्पानी गाविस निवासी झपडबहादुर थापाले 'गाउँका केही छोरीहरूले बिहे हुने उमेर नपुग्दै आफूखुशी विवाह गरी हिंडे, त्यसले परिवारको परम्परागत इज्जतमा दाग लागेको अनुभूति भयो । त्यसैले त्यस्तो अवस्था नआओस् भनेर छोरीहरूको बेलैमा विवाह गर्नु राम्रो लाग्छ' भने । यस्ता घटनाले सानै उमेरमा आफूखुशी विवाह गर्नेहरूलाई सजाय गर्ने कानुन पनि बन्नुपर्ने पुष्टि गर्छ ।

यसबारे आफ्नो प्रतिक्रिया दिँदै 'छोरीको कम उमेरमा विवाह गर्दा उसको अन्य इच्छाहरू त पूरा हुँदैनन् नै साथै उनीहरू सानै उमेरमा आमा बन्न पुग्छन् जसले गर्दा उनी र उनीहरूले जन्माउने शिशुहरूको स्वास्थ्यस्थिति कमजोर हुन पुग्दछ । अधिकांश आमाहरू पाठेघर खस्ने समस्याबाट पनि पीडित हुन्छन् । कतिपयमा पाठेघरको क्यान्सरजस्ता समस्याहरू देखिने गरेका छन् । त्यसैले किशोरीहरूको बिहे २० वर्ष पुगेपछि मात्र गर्दा राम्रो हुन्छ' जिल्ला जनस्वास्थ्य कार्यालयका वरिष्ठ स्वास्थ्य अधिकृत जीवन मल्लले बताउनुभयो ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# छुवाछूत कानुनबाट मात्रै हट्यो, व्यवहारमा खोई ?

*हतारो उनलाई पनि थियो । पानी झिकिमाग्न उनी गैरदलितको घरमा गएर अनुरोध गर्दा उल्टो हप्काई खाएर फर्केकी थिइन् । आफूलाई मान्छे हुनुको गर्व गर्दै उनले इनारबाट पानी झिक्ने आँट कसिन् । अघिल्लो दिन उनका देवरले पनि इनारबाट पानी झिकेर लगेकाले उनलाई आँट आएको थियो । पानी झिकेर घर मात्र पुग्न भ्याएकी नानीमैयामाथि गैरदलितको ठूलो जमात उल्टियो । अपमानित व्यवहार, कुटपिट, सामानहरू फुटाउने काम भए गाउँलेबाट ।*

**✍ अञ्जना न्यौपाने**

*इनारमा पानी झिकिदिने कोही पनि नभएकाले आफैं पानी झिक्नुपरेको कुरा उनले गाउँलेलाई बताइन् । नानीमैयाको कुरामाथि सुनुवाइ भएन, उल्टो सबै गैरदलित गाउँले एक भएर उनलाई गाउँ निकाल्ने योजनामा जुटे । आफूप्रति गाउँलेहरूको यस्तो व्यवहारले नानीमैया आफ्नो बचावटका उपाय सोच्न थालिन् । सधैं रेडियो र टेलिभिजनबाट प्रसारित जातीय छुवाछूत अपराध हो, यसको कानुनी कारबाही हुन्छ भन्ने सूचनाले उनी सजक भइन् ।*

सार्वजनिक इनारबाट पानी ओसार्नुपर्ने बुंगमती गाविस चुलिखेल-८ की नानीमैया नेपालीले सधैं गैरदलितहरूले पानी झिकिदिएपछि नै घर लिएर जान्छिन् । घरको काम सम्पूर्ण महिलाकै जिम्मा हुने समाजमा नानीमैया पनि अछुतो छैनन् । हतारो उनलाई पनि थियो । पानी झिकिमाग्न उनी गैरदलितको घरमा गएर अनुरोध गर्दा उल्टो हप्काई खाएर फर्केकी थिइन् । आफूलाई मान्छे हुनुको गर्व गर्दै उनले इनारबाट पानी झिक्ने आँट कसिन् । अघिल्लो दिन उनका देवरले पनि इनारबाट पानी झिकेर लगेकाले उनलाई आँट आएको थियो । पानी झिकेर घर मात्र पुग्न भ्याएकी नानीमैयामाथि गैरदलितको ठूलो जमात उल्टियो । अपमानित व्यवहार, कुटपिट, सामानहरू फुटाउने काम भए गाउँलेबाट । इनार छोएकै कारण उनलाई गाउँ निकाला गर्ने धम्की दिएर फर्केका थिए गाउँले ।

इनारमा पानी झिकिदिने कोही पनि नभएकाले आफैं पानी झिक्नुपरेको कुरा उनले गाउँलेलाई बताइन् । नानीमैयाको कुरामाथि सुनुवाइ भएन, उल्टो सबै गैरदलित गाउँले एक भएर उनलाई गाउँ निकाल्ने योजनामा जुटे । आफूप्रति गाउँलेहरूको यस्तो व्यवहारले नानीमैया आफ्नो बचावटका उपाय सोच्न थालिन् । सधैं रेडियो र टेलिभिजनबाट प्रसारित जातीय छुवाछूत अपराध हो, यसको कानुनी कारबाही हुन्छ भन्ने सूचनाले उनी सजक भइन् । बारम्बार सुन्दै आएको यस प्रकारको राष्ट्रिय सूचनाबाट नानीमैया प्रभावित भइन् र हिम्मत कसिन् अन्यायका विरुद्ध लड्न । उनले गाउँलेविरुद्ध छुवाछूतसम्बन्धी मुद्दा हाल्ने आँट कसिन् र एउटा निवेदन लेखी जिल्ला प्रहरी प्रशासन कार्यालय ललितपुरमा पेस गरिन् । उनलाई उत्प्रेरणा दिने त्यही सूचना काफी थियो । जातीय भेदभावले मान्छे-मान्छेमा नै मानवताको दूरी बढाइरहेको महसुस गरिरहेकी नानीमैया भन्छिन्, 'मलाई गाउँलेहरूले मान्छे-मान्छेमा यति ठूलो भेदभाव किन हुन्छ ? भन्ने कुरा सोच्न बाध्य गराए । मानसिक पीडा दिएर गाउँ निकाल्ने धम्की दिएपछि हामी पनि त मानव नै हो नि, किन हामी तल्लो दर्जाको भएर बाँच्ने ? यो कहिलेसम्म सहने ? भन्ने प्रश्नहरू आफैंसँग सोध्न थालें । मनमा धेरै प्रश्नहरू आएपछि टेलिभिजनबाट प्रसारित सूचनाले पनि ममा अन्यायविरुद्ध लड्ने साहस आयो ।'

नानीमैयाले हिम्मतका साथ पेस गरेको निवेदनउपर प्रहरी प्रशासनले सजिलै सुनुवाइ भने गरेन । घटनाको छानबिन नगरी मुद्दा दर्ता नहुने कुरा प्रशासनबाट प्राप्त भएपछि नानीमैया चुप लागेर बसिनन् । कतिखेर फेरि गाउँलेको हुलले उनीमाथि हमला गर्ने हो, यो त्रासले बाँचिरहेकी उनी विभिन्न मानव अधिकारकर्मी र छुवाछूतविरुद्ध काम गर्दै आएका संघ/संस्थासमक्ष हारगुहार गर्न पुगिन् । कथित दलितहरू बुंगमती गाविस चुलिखेलको सार्वजनिक इनारमा बारम्बार अपमानित हुँदै आएका भए पनि यसलाई एउटा परम्परा मानेर सामान्य

ठान्न बाध्य हुन्थे उनीहरू । नानीमैया पनि गत माघ २३ गते कथित उपल्लो जातिबाट छुवाछूतको भेदभावले नराम्ररी प्रभावित बनेकी हुन् । 'तँ दलितले इनार छुँदा यहाँका नाग देवता रिसाउँछन्, पानी भर्न पाउँदिनस्' भन्नेजस्ता शब्द सहँदै आएकी भए पनि यसअघि कुटपिटजस्तो जघन्य अमानवीय यातनामा परेकी थिइनन् । दुर्भाग्य ! उनले त्यो पनि भोग्नुपर्‍यो । त्यसपछि सञ्चारले सचेत बनेकी नानीमैयाले पाइलामाथि पाइला सार्दै गइन् । जिल्ला प्रहरी कार्यालय ललितपुरले निवेदनमाथि छानबिन गर्न ढिलाइ गरिरहे पनि नानीमैया यसका लागि धाइरहिन् । उजुरी दर्ता गर्न नमानेका कारण प्रहरी कार्यालयबाट गालीगलौज खाए पनि हिम्मत भने हारिनन् नानीमैयाले । जसका कारण उनी विभिन्न संघ/संस्थाको सहयोग लिन पुगिन् । उता धेरै संघ/संस्थाबाट अनुगमन टोलीहरू घटनाको वास्तविकता बुझ्न बुंगमती गाविस चुलिखेल धाउन थाले । घटनास्थलमा पीडकहरू आक्रोसित भई अनुगमन टोलीमाथि नै दुर्व्यवहार गर्न पुगेपछि भने यसले सरोकारवालाको ध्यान मात्र आकर्षित गराएन, उनीहरूलाई घटनाप्रति नै संवेदनशील बनायो । उजुरीसमेत सुनुवाइ हुन नसकिरहेको अवस्थामा यो विषय झन् चुनौतीका साथ अगाडि बढिरह्यो । नानीमैयाले यस्ता अनुगमन टोलीको सहारा लिएर उजुरीमाथि छिटो कार्यान्वयन हुने दबाब सिर्जना गराउन पुगिन् । समाजमा राज्यको कानुनको ठाडो उल्लंघन हुँदासमेत सम्बन्धित निकायको ध्यान त्यता पुग्न नसक्नु दुःखद् कुरा हो । सामाजिक कुसंस्कारबाट पीडित महिलाले गरेको उजुरीमा अझै विश्वास नगरी सामान्य ठान्ने संस्कार नै पितृसत्तात्मक सोच भएको दाबी नानीमैयाले गरेकी छन् । २०६२ माघ २३ गतेपछि दिएको उजुरी निवेदनउपर दबाब सिर्जना भएपछि मात्र फागुन १८ गते मुद्दा दर्ता गएको थियो ।

सरकारले बनाएको कानुनलाई सरकारबाटै बेवास्ता गरिनु, कार्यान्वयनलाई सकेसम्म छिटोछरितो नगरिनुले अझ आपराधिक घटना बढ्दै जाने सम्भावना भए पनि यसतर्फ राज्यको ध्यान जान नसकेको गुनासो नानीमैयाको छ । दलित सेवा संघका गणेश करिराज भन्नुहुन्छ- 'घटना घटेको एक महिना बितिसक्दा पनि पीडितले कानुनी उपचार पाएकी छैनन् । यसले दलितहरूको सवालमा राज्य संवेदनशील नरहेको प्रष्ट्याउँछ ।' प्रहरी प्रशासन कार्यालय ललितपुरका प्रहरी नायब उपरिक्षक मोतीराम धामीको सक्रियताले उक्त निवेदनउपर कानुनी प्रक्रिया अघि सारिएको थियो । जिल्ला प्रहरी कार्यालय ललितपुरले चुलिखेल-८ का गाउँलेहरूलाई बोलाएर उनीहरूमाथि जातीय छुवाछूतको अपराधमा सामेल भएकाले फौजदारी मुद्दा लाग्ने कुरा जानकारी दिएको केही छिनपछि नै उनीहरूले सामूहिक माफी मागेका थिए । कानुनी प्रक्रिया अघि सारेपछि गाउँलेहरू

*छुवाछूतलाई राज्यविरुद्धको अपराध घोषणा गरिएको पनि तीन वर्ष बितिसक्यो । यसैगरी पुनर्स्थापित प्रतिनिधिसभाले हालै मात्र नेपाल छुवाछूतमुक्त देश भनेर पनि घोषणा गरेको छ । तर पनि व्यवहारमा यो लागू हुन सकेको छैन । विभिन्न सञ्चारमाध्यमबाट बारम्बार यस्ता सूचनाहरू संप्रेषण भइरहे पनि समाजमा विद्यमान परम्परागत कुरीतिहरू हट्न सकेका छैनन् ।*

त्रसित भएका थिए । यस्तो घटना पुनः नदोहोर्‍याउने प्रतिबद्धता मात्र गरेनन् उनीहरूले आफ्नो गाविसलाई छुवाछूतरहित गाविस बनाउने वचनसमेत दिए । यसरी उक्त घटना मुद्दाको तारिख खेप्नु अगावै समाधानतर्फ गएको प्रष्ट्याउँदै पूर्वसांसद मनबहादुर विश्वकर्मा भन्नुहुन्छ- 'गाउँलेले गल्ती स्वीकारेर माफी मागिसकेपछि मुद्दालाई अघि सार्नुपरेन ।'

छुवाछूतलाई राज्यविरुद्धको अपराध घोषणा गरिएको पनि तीन वर्ष बितिसक्यो । यसैगरी पुनर्स्थापित प्रतिनिधिसभाले हालै मात्र नेपाल छुवाछूतमुक्त देश भनेर पनि घोषणा गरेको छ । तर पनि व्यवहारमा यो लागू हुन सकेको छैन । विभिन्न सञ्चारमाध्यमबाट बारम्बार यस्ता सूचनाहरू संप्रेषण भइरहे पनि समाजमा विद्यमान परम्परागत कुरीतिहरू हट्न सकेका छैनन् । अन्धविश्वास र सामाजिक मूल्यमान्यतासँगै जोडिएर आएको जातीय विभेदको कानुनी प्रक्रियालाई बुझाउन अझ धेरै वर्ष कुर्नु नपर्ने संकेत दिएका छन्, बुंगमती गाविसका बासिन्दाले । उनीहरू स्वयम् छुवाछूतविरुद्धमा उत्रने भएका छन् ।

'बुंगमती गाविस छुवाछूतरहित गाविस बनाउनेतर्फ पहल गराउने नानीमैयाको हिम्मतलाई मान्नैपर्छ' गाउँले नारायण पाण्डे भन्छन् । पहिला उनी पनि नानीमैयाको विरोधी थिए । कानुनका कुराले नछोएकी बुंगमती-७ कि दिलमाया दाहाल परम्परा नछोड्ने पक्षमा छिन् । कट्टर कथित उपल्लो जातकी ७६ वर्षीया दिलमाया भन्छिन्- "यतिका वर्ष पुर्खादेखि चलेको चलन कसरी चटक्क छोड्ने, यत्रो वर्ष परम्परा मान्दै आइयो । मर्ने बेलामा झन् किन नमान्ने, छोरानातिले जेसुकै गरून्, म त छोएको मान्दिन" दिलमायाले छोरानातीलाई भने जेसुकै गरून् भन्ने मानसिकता प्रकट गर्नु नै एउटा उदारताको संकेत ठान्छन् युवा प्रदीप घिमिरे । अघिल्लो पुस्ताले छुवाछूतलाई आफ्नो मूल्यमान्यतासँग र परम्परासँग गाँस्दै

आए पनि पछिल्लो पुस्ता भने यसलाई कुरीति नै भन्न रुचाउँछन् । नानीमैया पनि पछिल्लो पुस्ताकी अग्रणी महिला हुन् । उनकै प्रयत्नले आज बुंगमतीवासीहरूमा जातीय छुवाछूत र भेदभावलाई कुरीति ठानी यसको उन्मूलन नै गर्नुपर्ने हौसला आएको छ । इतिहासदेखि जरो गाडेर बसेको जातीय छुवाछूतले मानवअधिकार नै हनन हुने खालका घटनाहरू नेपाली समाजमा बारम्बार घटिरहेका छन् । "नानीमैयाले कानुनका कुरामा ध्यान दिन सिकाइन्" रमा के.सी. भन्छिन् । पहिला उनी पनि नानीमैयामाथि खनिएकी थिइन् । नानीमैयाले छुवाछूतको अपराधलाई नऔंल्याएकी भए अझ धेरै अपराध बढ्दै जाने थियो, उनको ठहर छ । आज बुंगमति गाविस छुवाछूत निषेधित क्षेत्र घोषित छ । नानीमैया मात्र होइनन्, गाउँलेहरूको उदारता पनि महत्वपूर्ण रहेको छ । कुरीति परिवर्तनका लागि गाउँले एकजुट हुनसक्नु नै त्यहाँका गाउँलेको एकता मान्नुपर्छ ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# समान ज्याला पाउन थाले प्युठानी महिलाले

**बिहान-साँझ घरको काम गरी दिनभरि सडकमा गैंची, बेल्चा र कोदाली बोकेर काम गरिरहेका महिलाहरू अब भने समान ज्यालामा रमाउन थालेका छन् । रम्दी गाविस ९ की मैयाँ गहतराज गत साउनदेखि भालुवाङ-प्युठान सहायक राजमार्ग निर्माणकार्यमा खटिएर काम गर्दै आएकी छिन् । दिनभरि गैंची र कोदाली बोकेर बाटामा ढुङ्गासँगै खेल्ने गहतराजले दिनको २ सय ८१ रुपैयाँ कमाएर छोराछोरी पाल्ने गरेकी छिन् । उनी भन्छिन्- जस्तो काम त्यस्तै ज्याला पाउँछौं, सकेको काम गर्दा पनि पुरुषसरह ज्याला पाएकी छु, खुसी छु ।**

**✍ बिमला पाण्डे**

*त्यति मात्र होइन, उनले सडक निर्माण समूहमा मासिक १० रुपैयाँका दरले छुट्टै बचत गर्ने गर्छिन् । आफ्नो कमाइको १० प्रतिशत उनले मासिक रूपमा बचत गर्ने गरेकी छिन् । महिलालाई समान ज्याला नदिने प्रचलनका विरुद्ध प्युठानमा ग्रामीण पहुँच कार्यक्रम (र्‍याप) ले ल्याएको समान कामका लागि समान ज्यालाको सिद्धान्तले महिलाहरू प्रभावित बनेका छन् ।*

वर्षौंदेखिको असमानता र अपमानमा बाँचेका महिलाहरू समान ज्याला पाउन थालेपछि रमाउन थालेका छन् ।

प्युठानमा ग्रामीण पहुँच कार्यक्रम (र्‍याप) ले ल्याएको समान कामका लागि समान ज्यालाको सिद्धान्तले यतिबेला यहाँका महिलाहरू प्रभावित भएका हुन् । पुरुषसँगै बराबर काम गरे पनि आधा ज्याला पाइरहेका महिलाहरू भने यतिबेला समान ज्याला पाउन थालेपछि निकै खुसी देखिएका छन् । बिहान-साँझ घरको काम गरी दिनभरि सडकमा गैंची, बेल्चा र कोदाली बोकेर काम गरिरहेका महिलाहरू अब भने समान ज्यालामा रमाउन थालेका छन् । रम्दी गाविस ९ की मैयाँ गहतराज गत साउनदेखि भालुवाङ-प्युठान सहायक राजमार्ग निर्माणकार्यमा खटिएर काम गर्दै आएकी छिन् । दिनभरि गैंची र कोदाली बोकेर बाटामा ढुङ्गासँगै खेल्ने गहतराजले दिनको २ सय ८१ रुपैयाँ कमाएर छोराछोरी पाल्ने गरेकी छिन् । उनी भन्छिन्- जस्तो काम त्यस्तै ज्याला पाउँछौं, सकेको काम गर्दा पनि पुरुषसरह ज्याला पाएकी छु, खुसी छु । अन्य ठाउँमा काम गर्दा पुरुषको भन्दा ठ्याक्कै आधा ज्याला पाउने गर्थ्यौं । गरिब र दलित परिवारकी उनी श्रीमान्ले सुरुमा आफूलाई काममा नजान भनेको बताउँछिन् । समान पैसा पाउने भएपछि सल्लाह नगरी बाटो खन्न आएँ- उनले भनिन् । त्यति मात्र होइन, उनले सडक निर्माण समूहमा मासिक १० रुपैयाँका दरले छुट्टै बचत गर्ने गर्छिन् । आफ्नो कमाइको १० प्रतिशत उनले

मासिक रूपमा बचत गर्ने गरेकी छिन् । महिलालाई समान ज्याला नदिने प्रचलनका विरुद्ध प्युठानमा ग्रामीण पहुँच कार्यक्रम (ऱ्याप) ले ल्याएको समान कामका लागि समान ज्यालाको सिद्धान्तले महिलाहरू प्रभावित बनेका छन् । पुरुषले जत्तिकै समान काम गर्दा पनि आधा ज्याला पाइरहेका महिलाहरू समान ज्याला पाउन थालेपछि निकै खुसी देखिएका हुन् ।

त्यस्तै रम्दी- ५ की सुमित्रा वि.क. सूर्यमुखी सडक निर्माण समूहमा रहेर बिहानैदेखि बाटो निर्माणकार्यमा खटिएकी हुन्छिन् । उनी बिहान-साँझ घरको काम सकेर छोराछोरी पढाउनकै लागि गत असारदेखि बाटो खन्ने काम गर्दै आएकी हुन् । सुरुमा उनलाई लोग्नेले बाटो खन्ने काम एकदमै गाह्रो भएकोले नजानसमेत भने । त्यति हुँदाहुँदै पनि उनी गैंची र कोदालो खन्न तयार भइन् । आफ्ना तीन छोराछोरीको पढाइदेखि सबै लालनपालन उनले नै पुऱ्याएकी छन् । मेहनत गरेर काम गऱ्यो भने पुरुषसरह ज्याला मात्र पाउने होइन प्रतिस्पर्धामा आएरै काम गर्न सकिंदोरहेछ- उनी भन्छिन् ।

सुरुमा महिलाको पनि समान ज्याला भयो भनेर विवाद गर्न पछि नपरेका पुरुषहरू अहिले भने महिलाको लगनशीलता र क्षमताको कदर गर्न थालेका छन् । सूर्यमुखी सडक निर्माण समूहमा रही काम गर्दै आएका रम्दी- ५ का चिन्तामणि महिलाले उदाहरणीय काम गरेको बताउँछन् । बराबर ज्याला दिनेभन्दा झगडासमेत गरियो । महिलालाई आधा ज्याला दिनुपर्छ, हामीले जति काम गर्न पनि सक्दैनन् भनेरसमेत भनियो- उनी भन्छन् । पहिलेदेखि चलेको संस्कार र महिला कमजोर हुन्छन् भन्ने सोचले गर्दा पुरुषहरूलाई अहिलेसम्म समान ज्यालाको अवधारणा पच्न नसकेको उनले बताए ।

त्यति मात्र होइन, ऱ्यापले सञ्चालन गरेको दिगो सामाजिक विकासको अवधारणाको अभियानले महिलाहरूमा अधिकार र कर्तव्यको समेत बोध गराएको छ । असमान ज्यालामा काम गर्दैनौं, समान ज्याला नभए कामै नगर्ने प्रतिबद्धता व्यक्त गर्दै आएकी रम्दी गाविसको प्रगतिशील सडक निर्माण समूहकी अध्यक्ष रमा बस्नेत अधिकार पाउन आफैं लागिपरेका छौं भन्छिन् । उनी पुरुषहरूलाई भन्दा महिलालाई समान ज्यालाको अवधारणाले बढी लाभ भएको बताउँछिन् । सामूहिक रूपमा बचत गर्ने, बैठक बस्ने, आफ्ना कुरा राख्ने मात्र होइन, आत्मनिर्णय गर्न सक्ने भएका छन् यहाँका महिलाहरू । समाजमा महिलालाई अपमान गर्ने खालका क्रियाकलाप र संस्कार पनि छुट्याउन सक्ने भएका छन् उनीहरू । डीएफआईडीले आर्थिक सहयोग रोकेकै कारण ऱ्यापले आगामी असार १५ देखि बाटोको काम नगर्ने खबरले महिलाहरू उत्तिकै दुःखी भएका छन् । बस्नेत भन्छिन्- रोजगारको अवसर हो पुरुष त बाहिर गएर पनि

*असमान ज्यालामा काम गर्दैनौं, समान ज्याला नभए कामै नगर्ने प्रतिबद्धता व्यक्त गर्दै आएकी रम्दी गाविसको प्रगतिशील सडक निर्माण समूहकी अध्यक्ष रमा बस्नेत अधिकार पाउन आफैं लागिपरेका छौं भन्छिन् । उनी पुरुषहरूलाई भन्दा महिलालाई समान ज्यालाको अवधारणाले बढी लाभ भएको बताउँछिन् । सामूहिक रूपमा बचत गर्ने, बैठक बस्ने, आफ्ना कुरा राख्ने मात्र होइन, आत्मनिर्णय गर्न सक्ने भएका छन् यहाँका महिलाहरू ।*

काम गर्न सक्छन्, महिलाहरूले घर हेरेर खान सक्ने जागिर नै जाने भयो ।

भालुवाङ-प्युठानको ४४ किमि बाटो मर्मत तथा पुनर्निर्माण गर्न लागेको ग्रामीण पहुँच कार्यक्रममा निरन्तर रूपमा सहजकर्ताको भूमिका निभाउँदै आएका वेदराज पाण्डे महिलाहरू श्रीमान्लाई बच्चा हेर्न लगाएर काममा आउन थालेको अनुभव सुनाउँछन् । उनी भन्छन्- महिलाले लैंगिक अवधारणाका आधारमा छुट्याइएका कामसमेत गर्न थालेका छन् । अर्का सहजकर्ता कमल थापा पुरुषको अगाडि बोल्नसमेत नसक्ने महिलाहरू खुलेर सँगै काम गर्ने, खाने, समूहमा बस्ने र सँगै रकम पनि बचत गर्न थालेको बताउँछन् ।

महिलालाई काम मात्र होइन ऱ्यापले उनीहरूका बच्चालाई उचित स्याहारका लागि शिशु स्याहार केन्द्रको व्यवस्था पनि गरिदिएको छ । जिल्लामा आठवटा शिशु स्याहार केन्द्र छन् भने उक्त केन्द्रमा ८८ जना बालबालिका रहेका छन् ।

महिलालाई आरक्षण होइन समान सहभागिता गराइनुपर्छ भन्ने अवधारणाका कारण सडक निर्माणकार्यमा संलग्न १ हजार २ सय ७६ मध्ये ४ सय ३८ जना महिलाको संख्या रहेको छ । यो पूरै संख्याको ३४.३३ प्रतिशत हुन्छ । नेतृत्व विकास तथा समूह व्यवस्थापनमा १ सय ५६ जनामध्ये ७६ जना महिला छन् । हरेक प्रकारका तालिममा पनि महिला संख्या ३० प्रतिशतभन्दा बढी नै देखिन्छ । प्राथमिक उपचार तालिममा १ सय ३८ मध्ये ६५ जना महिला, दलित लैंगिक सचेतना तालिममा १ सय ३७ मध्ये ७० महिला, बचत ऋण व्यवस्थापन तालिममा २ सय ८ मध्ये ५३ महिलाको संख्या रहेको ग्रामीण पहुँच कार्यक्रमको तथ्यांकले जनाएको छ ।

समूहगत व्यवसायी ऋण लिने १ हजार ४ सय ६४ जनामध्ये ४ सय ३५ महिलाको संख्या रहेको छ। जो २९.७१ प्रतिशत हुन आउँछ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# किन फरक छ समान काम र समान ज्यालाको नीति ?

*बाग्लुङ स्थायी घर भई हाल कीर्तिपुर खसीबजार निवासी ६० वर्षीया शेरबहादुर थापाले विगत ९ वर्षदेखि मजदुर पेसामा लागेको बताउँदै भने- 'त्यतिबेलादेखि अहिलेसम्म कहीँ पनि कसैले पुरुष मजदुरसरह मजदुर महिलालाई पारिश्रमिक दिएको थाहा छैन।" थापाका अनुसार भवन निर्माणको काममा पुरुषले २५० देखि ३०० रुपैयाँसम्म र महिलाले १२० देखि १५० रुपैयाँसम्म दैनिक पारिश्रमिक पाउँछन्। खेतबारीको काम गर्दा पुरुषले २०० रुपैयाँ पाउँछन् भने महिलो ६० देखि १०० रुपैयाँसम्म मात्र पाउँछन्।*

**✍ लोचना शर्मा**

*च्यासल निवासी २० वर्षीया भीमकुमारी मगरलाई समान कामका लागि समान ज्याला पाइन्छ भन्नेसम्म पनि थाहा छैन। आफ्नी डेढ वर्षकी छोरीलाई देखाउँदै उनी भन्छिन्- "एकजनाले कमाएको पैसाले लालाबाला र आफूलाई धान्न पुग्दैन। त्यसो भएपछि हामी जति पाए पनि काम गर्न जान्छौं। बराबरी चाहिन्छ भन्दा त कामै पाइन्न। त्यत्तिकै घरमा बस्नुभन्दा त थोरैमा भए पनि खट्छौं। यो हाम्रो बाध्यता हो।"*

भवन निर्माण भइरहेको ठाउँमा बालुवा चाल्नुहुन्छ, इँटा बोक्नुहुन्छ, तर समान श्रमको ज्याला भने पाउनुहुन्न उहाँ, किनकि उहाँ महिला। त्यसैले पुरुषभन्दा न्यून ज्यालामा काम गर्नुपर्ने बाध्यता छ।

यो बालुवा चाल्न, इँटा बोक्न पुरुषहरूको जति श्रम खर्च हुन्छ त्यति नै श्रम हाम्रो पनि खर्च हुन्छ। पुरुषहरूले बोक्दा बढी गह्रौं र महिलाले बोक्दा हल्का हुने पक्कै होइन। तैपनि हामीलाई उनीहरूको भन्दा कम ज्याला दिइन्छ- कहिले बालुवा चाल्दै त कहिले इँटा बोक्दै छोराछोरीको पेट पाल्दै आएकी बल्खु निवासी ५३ वर्षीया भानु रोक्काले भनिन्।

संविधानमा समान कामका लागि समान ज्याला भन्ने प्रावधान छ भन्नेसम्मको ज्ञान भएकी रोक्का भन्छिन्- 'मैले नजिकैको कुमारी क्लबमा करिब ५ वर्ष पहिले नै तत्कालीन अध्यक्षलाई भने, उहाँले पर्खनुस् न भन्नुभयो। पर्खंदा-पर्खंदै यतिका समय बितिसक्यो हामी गरिबलाई कसले हेर्छ र ?'

'समान कामबापत समान ज्याला चाहिन्छ भनेर अड्डी कसेर बस्ने हो भने केटाकेटीको मुखमा माड लाग्दैन। बाध्यताबस जतिमा भए पनि हामीले श्रम बेच्नैपर्छ रोक्काले भनिन्- 'मजदुर महिलाले त्यस्तो काम पाउन गाह्रो छ। काम लगाउने साहु र ठेकेदारहरू भेटेसम्म पुरुष मजदुरलाई नै काममा अवसर दिन्छन्।'

च्यासल निवासी २० वर्षीया भीमकुमारी मगरलाई समान कामका लागि समान ज्याला पाइन्छ भन्नेसम्म पनि थाहा छैन। आफ्नी डेढ वर्षकी छोरीलाई देखाउँदै उनी भन्छिन्- "एकजनाले कमाएको पैसाले लालाबाला र आफूलाई धान्न पुग्दैन। त्यसो भएपछि हामी जति पाए पनि काम गर्न जान्छौं। बराबरी चाहिन्छ भन्दा त कामै पाइन्न। त्यत्तिकै घरमा बस्नुभन्दा त थोरैमा भए पनि खट्छौं। यो हाम्रो बाध्यता हो।"

भीमकुमारीले गुनासो गर्दै भनिन्- "राम्रो ठाउँमा काम गर्ने दिदीबहिनीले बच्चा हेर्न मान्छे राख्छन्। कतिलाई त अफिसले नै बच्चा हेर्ने ठाउँको व्यवस्था गरिदिन्छ रे, तर हाम्रो भने त्यसो व्यवस्था पनि छैन।

दिनभरि उत्तिकै काम गर्दा पनि पुरुष साथीको भन्दा धेरै कम पैसा पाउँछौं ।"

बल्खु कुमारी क्लब निवासी ३६ वर्षीया शोभा आलेमगरलाई पनि समान कामका लागि समान ज्याला पाउनुपर्छ भन्ने थाहा छ । तर असमान ज्याला भयो भनेर पनि उजुरीका लागि हालसम्म कहीँ नगएको बताउँदै भन्नुभयो- "हामीले नहुनु मामाभन्दा कानो मामा राम्रो भनेर काम गरिरहेका छौं । उजुरी गर्नलाई पनि त खर्चै चाहियो त्यहाँसम्म पुग्नलाई, त्यो पनि नभएपछि जति हुन्छ त्यतिमा चित्त बुझाउनुबाहेक अन्य विकल्प हाम्रो छैन ।"

अब त देशमा लोकतन्त्र आयो, सबैलाई बराबर हुन्छ जस्तो लागेको थियो, अहिले पनि उस्तै छ । राज्यको महिलालाई हेर्ने दृष्टिकोण नै फरक छ । समान अधिकारका लागि महिलाहरू आन्दोलनमा उत्रिरहेका छन्, केही होला कि भनेर आशावादी हुँदै शोभाले भन्नुभयो- 'संविधानसभाको चुनावपछि चाहिँ बराबरी हुन्छ कि त ?'

विशेषगरी स्थानीय रोजगारीका क्षेत्रमा आश्रित मजदुर महिलाहरू त्यस्तो पीडाबाट बढी पीडित भएको पाइएको छ । बाग्लुङ स्थायी घर भई हाल कीर्तिपुर खसीबजार निवासी ६० वर्षीया शेरबहादुर थापाले विगत ९ वर्षदेखि मजदुर पेसामा लागेको बताउँदै भने- 'त्यतिबेलादेखि अहिलेसम्म कहीँ पनि कसैले पुरुष मजदुरसरह मजदुर महिलालाई पारिश्रमिक दिएको थाहा छैन ।"

थापाका अनुसार भवन निर्माणको काममा पुरुषले २५० देखि ३०० रुपैयाँसम्म र महिलाले १२० देखि १५० रुपैयाँसम्म दैनिक पारिश्रमिक पाउँछन् । खेतबारीको काम गर्दा पुरुषले २०० रुपैयाँ पाउँछन् भने महिलो ६० देखि १०० रुपैयाँसम्म मात्र पाउँछन् ।

बल्खुकी ४५ वर्षीया सीता भुजेलले भनिन्- 'खेतीपातीको समयमा दिनभरि खेतमा काम गऱ्यो भने लोग्नेमान्छेले २ सय रुपैयाँ र हामीले चाहिँ १ सय रुपैयाँ पनि पाउन गाह्रो छ । लोकतन्त्रमा सबै बराबर हुन्छ भन्थे तर खोई ? श्रम त बराबरी नै गरेका छौं । तर पारिश्रमिक भने अझै फरक छ ।'

*बल्खु कुमारी क्लब निवासी ३६ वर्षीया शोभा आलेमगरलाई पनि समान कामका लागि समान ज्याला पाउनुपर्छ भन्ने थाहा छ । तर असमान ज्याला भयो भनेर पनि उजुरीका लागि हालसम्म कहीँ नगएको बताउँदै भन्नुभयो- "हामीले नहुनु मामाभन्दा कानो मामा राम्रो भनेर काम गरिरहेका छौं । उजुरी गर्नलाई पनि त खर्चै चाहियो त्यहाँसम्म पुग्नलाई, त्यो पनि नभएपछि जति हुन्छ त्यतिमा चित्त बुझाउनुबाहेक अन्य विकल्प हाम्रो छैन ।"*

सर्वोच्च अदालत बारका महिला शाखाका संयोजक अधिवक्ता सूक्ष्मा बराल चेतना र गरिबीका कारण न्यूनतम आवश्यकता पूरा गर्न मजदुर महिलाहरू थोरै ज्यालामा पनि काम गर्न बाध्य छन् भन्नुहुन्छ । तर उनीहरूलाई समान ज्यालाका लागि लड्न पनि फुर्सद छैन, काम गरेर छोराछोरी पाल्नै धौधौ छ उनीहरूलाई, कसरी जाऊन् न्यायका लागि ढोका ढकढक्याउन ? उहाँका अनुसार यसबारे हालसम्म एउटा पनि उजुरी परेको छैन ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# माओवादी प्रभावित क्षेत्रमै शिक्षाबाट वञ्चित छन् बालिका

सशस्त्र द्वन्द्वका कारण परिवारका पुरुष सदस्य अस्थायी रूपमा विस्थापन भएर भारत जाने क्रम बढ्दो छ । द्वन्द्व र विस्थापनको पीडा सिङ्गो परिवारले भोग्नुपरे पनि समाजमा जरो गाड्दै आएको लैङ्गिक विभेदको कारणले गर्दा त्यसको पीडा छोराभन्दा छोरीलाई बढी परेका प्रशस्त उदाहरणहरू छन् । रोल्पा गुम्चाल गाविस- ७ की १३ वर्षीया मेनसरी रोकाको पीडा पनि त्यस्तै छ । 'दाइ र भाइ स्कुल जान्छन्, मैले सधैं साना भाइबहिनीको स्याहारसुसार गरेर घर बस्नुपर्दछ ।'

✍ **शारदा शर्मा**

*घरमा आर्थिक समस्या पर्‍यो भने छोराको होइन, छोरीको पढाइ रोकिन्छ ।' त्यस्तै समस्या परेर शिक्षाबाट बञ्चित भएकी चैती रोका पनि हुन् । रोल्पा गुम्चाल गाविस- ७ की चैती ३ कक्षासम्म पढ्दापढ्दै सशस्त्र द्वन्द्वका कारणले बुबा तीन वर्षअघि भारत गएको लगत्तै चैतीलाई स्कुल छुटाएर घरायसी काममा लगाइयो । चैती भन्छिन्- 'हामी ७ भाइबहिनी छौं, बुबा घर छोडी भारत जानेबित्तिकै घरमा आमालाई काममा सघाउनुपर्‍यो र स्कुल जान पाइएन ।'*

'बुबा विदेशिएको भोलिपल्ट दाइलाई त पढ्नबाट रोकिएन तर मलाई स्कुलबाट छुटाइयो ।' यी भनाइ माओवादी विद्रोहको जन्मथलो तथा सशस्त्र द्वन्द्वबाट सर्वाधिक प्रभावित जिल्ला रोल्पाको राङ्सी-७ की १२ वर्षीया गुनसरी खत्रीका हुन् । देशमा सशस्त्र द्वन्द्वका कारण बुबा गाउँमा बस्न नसकेर भारत पस्न बाध्य भएपछि गुनसरीको पढ्ने रहर पनि त्यहीं समाप्त भयो । गुनसरीकी आमालाई घरव्यवहारको जिम्मा थपिएपछि सबैभन्दा पहिले छोरीलाई स्कुल छुटाइदिएर घरको काममा लगाएको कुराप्रति गुनासो गर्दै गुनसरी भन्छिन्- 'घरमा बहिनी, भाइ हेर्नुपर्छ । अरू काम गर्नुपर्छ भन्दै आमाले स्कुल जानबाट रोक्नुभयो । तर दाइ भने स्कुल गइरहेको छ । दाइ स्कुल जाँदा कस्तो लाग्छ भन्ने प्रश्नको जवाफ दिँदै गुनसरी थप्छिन्- 'दाइ स्कुल गएको देख्दा मलाई पनि रहर लाग्छ । रहर लागेर के गर्ने ? घरको काम कसले गरिदिन्छ ?'

हाम्रो सामाजिक परिवेश नै त्यस्तै छ । परिवारमा कुनै समस्या आइपर्नेबित्तिकै सबैभन्दा पहिले त्यसको प्रहार महिला या बालिकाले नै खेप्नुपर्दछ । त्यस्तै लैङ्गिक विभेदको मार भोग्न बाध्य भएकी सोही ठाउँकी १४ वर्षीया रूपसरी केसी पनि हुन् ।

रूपसरीका बाबु पनि सशस्त्र द्वन्द्वको मारमा परेर भारत पसेका छन् । उनी भन्छिन्- 'स्कुल गएर केही कुरा जान्ने र सिक्ने रहर कसलाई पो हुँदैन र ? तर म पनि स्कुल गएँ भने घरको काम कसले गरिदेला ?' दुई दाजु र दुई भाइ स्कुल जाने, आफू र बहिनीले स्कुल देख्नै नपाएको गुनासो गर्दै रूपसरी थप्छिन्- 'बुबा विदेश गएपछि घरको काम छोराहरूलाई गराउनुको साटो छोरीलाई नै गराइन्छ । त्यसैले स्कुल जाने कुरा सोच्नै सकिएन ।'

सशस्त्र द्वन्द्वका कारण परिवारका पुरुष सदस्य अस्थायी रूपमा विस्थापन भएर भारत जाने क्रम बढ्दो छ । द्वन्द्व र विस्थापनको पीडा सिङ्गो परिवारले भोग्नुपरे पनि समाजमा जरो गाड्दै आएको लैङ्गिक विभेदको कारणले गर्दा त्यसको पीडा छोराभन्दा छोरीलाई बढी परेका प्रशस्त उदाहरणहरू छन् ।

रोल्पा गुम्चाल गाविस- ७ की १३ वर्षीया मेनसरी रोकाको पीडा पनि त्यस्तै छ । 'दाइ र भाइ स्कुल जान्छन्, मैले सधैं साना भाइबहिनीको स्याहारसुसार गरेर घर बस्नुपर्दछ ।' मेनसरी आफूमा भएको अन्यायप्रति गुनासो पोख्दै भन्छिन्- 'साँझ-बिहान घरको काम सकेर दिउँसो स्कुल जान्छु भन्दा पनि जान पाइएन । अब त झन् गाउँमा बस्न नसकेर बुबा पनि विदेशतिर जानुभयो । आमालाई सबै काममा मैले नै सघाउनुपर्दछ ।' पाँच भाइबहिनीकी दिदी मेनसरी परिवारमा सधैं आर्थिक संकट रहेको बताउँछिन् । देशमै शान्ति छैन, छिट्टै शान्ति आए बुबा घरमा बस्नुहुन्थ्यो, त्यसपछि त स्कुल जान पाइन्थ्यो ।

मेनसरी भन्छिन्- 'बुबा घरमा आएपछि अक्षर मात्रै चिन्नेगरी भए पनि स्कुल जान त पाइएला।'

देशको अन्योलग्रस्त राजनीतिक वातावरण र आर्थिक संकटको प्रतिकूल प्रभावको सबैभन्दा बढी असर निम्नवर्गीय परिवारमा परेको छ। घरमा उत्पादन भएका केही वस्तु जस्तै दूध, घ्यू, तरकारीहरू बेच्न सदरमुकामसम्म जान पनि समस्या भएको कुराप्रति मेनसरी रोकाकी आमा सुकमाया गुनासो गर्दै भन्छिन्- 'काम केही पाइँदैन, हरेक वस्तुको महँगी बढिरहेको छ, हाम्रो समस्यामाथि झन् पछि झन् समस्या थपिँदैछन्। ती समस्याहरूको नकारात्मक परिणाम महिलामाथि पर्छ। घरमा आर्थिक समस्या पऱ्यो भने छोराको होइन, छोरीको पढाइ रोकिन्छ।' त्यस्तै समस्या परेर शिक्षाबाट बञ्चित भएकी चैती रोका पनि हुन्। रोल्पा गुम्चाल गाविस- ७ की चैती ३ कक्षासम्म पढ्दापढ्दै सशस्त्र द्वन्द्वका कारणले बुबा तीन वर्षअघि भारत गएको लगत्तै चैतीलाई स्कुल छुटाएर घरायसी काममा लगाइयो। चैती भन्छिन्- 'हामी ७ भाइबहिनी छौं, बुबा घर छोडी भारत जानेबित्तिकै घरमा आमालाई काममा सघाउनुपऱ्यो र स्कुल जान पाइएन।' घाँस, दाउरा गर्नुपर्ने, भाइबहिनी हेर्नुपर्ने कामले गर्दा स्कुल जाने फुर्सद नहुने कुरा गर्दै चैती गुनासो गर्छिन्- 'छोरीको जात, हेलाको जात, अर्काको घर जाने जातले पढेर के गर्ने ? बरु घरको काम सिकेपछि सजिलो हुन्छ आमाले भन्नुहुन्छ तर मलाई पढ्ने रहर अहिले पनि छ।'

सोही गाविसकी १४ वर्षीया रेवन्ती रोकाको व्यथा पनि त्यस्तै छ। भाइहरू स्कुल जाने र आफू सधैं घरको कामले फुर्सद नभएर बुबाआमाले छोरीले पढेर के गर्ने भनेर स्कुल जान नदिएको तीतो अनुभव रेवन्ती सुनाउँछिन्- 'स्कुल जाने रहर त अति लाग्छ, छोरी भएर जन्मेपछि के गर्ने ? भाइहरू झोला बोकेर स्कुल जान्छन्, म लट्ठी बोकेर भेडा चराउन जान्छु।' २ कक्षासम्म स्कुल जान पाएकी रेवन्तीका बुबा पनि डेढ वर्ष पहिले विस्थापित भएर भारत जाँदा उनको स्कुल जाने रहर पनि त्यहीं समाप्त भएको थियो। हाम्रो समाजमा छोरी हुनु अभिशाप हो भन्दै सोही ठाउँकी १६ वर्षीया इन्द्रा विष्ट भन्छिन्- 'पढ्न लेख्न र केही कुरा जान्नलाई हाम्रो समाजमा छोरो भएर जन्मनुपर्ने रहेछ। खै हामी छोरी भएर सधैं ठगिएका छौं।' ५ कक्षासम्म पढेकी इन्द्रालाई अब ठूली भइसकिस्, अक्षर चिने त भइहाल्यो नि। अब स्कुल जाने होइन भनेर स्कुलबाट छुटाइदिएको पीडा सुनाउँदै इन्द्रा गुनासो गर्छिन्- 'मैले साँझ-बिहान घरको

*सशस्त्र द्वन्द्वको प्रभाव, घरको आर्थिक संकट र बुबाआमा एवं समाजमा छोरीलाई पनि पढाउनुपर्छ भन्ने चेतनाको कमीका कारणले आफूहरू ठगिनुपरेको गुनासो गर्दै इन्द्रा थप्छिन्- 'आर्थिक समस्याको कारणले बुबालाई विदेश जान नपरेको भए बुबासँग जिद्दी गरेर भए पनि स्कुल जान पाइन्थ्यो कि ? घरमा आमा एक्लै भएपछि घरको काम पनि हेरिदिन कर लाग्यो।'*

सबै काम गरेर स्कुल जाने गर्थें तैपनि पढ्ने रहर हुँदाहुँदै छोरीले धेरै पढ्नु आवश्यक छैन भन्दै बुबा विदेश जाँदाका दिनदेखि स्कुल जान छुटाइदिनुभयो, असाध्य पीर लाग्यो।' सशस्त्र द्वन्द्वको प्रभाव, घरको आर्थिक संकट र बुबाआमा एवं समाजमा छोरीलाई पनि पढाउनुपर्छ भन्ने चेतनाको कमीका कारणले आफूहरू ठगिनुपरेको गुनासो गर्दै इन्द्रा थप्छिन्- 'आर्थिक समस्याको कारणले बुबालाई विदेश जान नपरेको भए बुबासँग जिद्दी गरेर भए पनि स्कुल जान पाइन्थ्यो कि ? घरमा आमा एक्लै भएपछि घरको काम पनि हेरिदिन कर लाग्यो।' सशस्त्र द्वन्द्वको मारको पीडा त परिवारभित्र छँदैछ। त्यो पीडाको प्रत्यक्ष प्रभाव छोरीहरूमाथि परेका यी घटनाहरू केही उदाहरण मात्र हुन्। देशभरि यस्ता हजारौं छोरीहरू हुन सक्छन् जो यस किसिमको अन्यायमा छोरी भएकै कारण परेका छन्। परिस्थितिको बाध्यताले होस् या अन्य कारणले, जान्दाजान्दै होस् वा अज्ञानताले छोरीहरू परिवारभित्रबाट समेत विभेदका सिकार भएका छन्। यस सम्बन्धमा रोल्पा गुम्चाल-७ का समाजसेवी ५५ वर्षीय टेकमन विष्ट भन्छन्- 'सशस्त्र द्वन्द्वको दिगो समाधान भएर विस्थापनको समस्या हटेपछि र आर्थिक, सामाजिक र चेतनाका दृष्टिले सबल हुँदै गएपछि मात्र यस्ता विभेद हट्नेछन्, त्यसतर्फ राज्य एवं समाजको ध्यान भने अहिलेदेखि नै जान जरुरी छ।'

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# आमाको नामबाट नागरिकता : कार्यान्वयनमा किन ढिलाइ ?

*‘आमाको नामबाटै नागरिकता पाउने भनेर निकै खुसी भएकी थिएँ, तर त्यसका लागि कानुन बनिसकेको रहेनछ’ भण्डारीले भनिन्- ’तुरुन्तै नागरिकता चाहिएका कारण बाबुको नामबाटै बनाउन कर लाग्यो ।’ तैपनि उनी बेखुसी भने भइनन् । आमाको नामबाट नागरिकता बनाउन पाउने यस्तो घोषणा होला भन्ने उनमा कल्पनै थिएन । ‘यो त हाम्रा लागि धेरै खुसीको कुरा हो’ उनले थपिन्- ‘तर, कानुन चाँडो बनाएर कार्यान्वयनमा ल्याउनुपर्‍यो ।’*

**✍ सन्ध्या पौडेल**

*‘छोरीलाई नागरिकता नदेलान् कि भन्ने चिन्ता थियो, त्यसैले व्यावहारिक रूपमा छुट्टिएको आठ वर्ष बित्दा पनि लोग्नेसँग छोडपत्र माग्न सकिनँ’ उज्यालो अनुहार पार्दै उनी थप्छिन्- ‘अब मेरै नामबाट छोरीको नागरिकता पाउने भएपछि लोग्नेसँग छोडपत्र दिएर स्वतन्त्रपूर्वक म बाँच्न चाहन्छु ।’ श्रीमान्ले दोस्रो विवाह गरेपछि परिवारबाट त्यागिएकी सीता १३ वर्षकी छोरीसँगै हाल पोखरामा बस्दै आएकी छिन् ।*

आमाको नामबाट नागरिकता दिने संसद्को घोषणा लगत्तै पोखरा उपमहानगरपालिका-१७ निवासी १८ वर्षीया रीता भण्डारी निकै खुसी भइन् । त्यसको केही दिनमा नै उनी आमाको नामबाट नागरिकता लिन जिल्ला प्रशासन कार्यालय पनि पुगिन् । तर, उनले आमाकै नामबाट भने नागरिकता पाउन सकिनन् । कारण थियो- संसद्बाट घोषणा भए पनि कानुन नबन्नु ।

‘आमाको नामबाटै नागरिकता पाउने भनेर निकै खुसी भएकी थिएँ, तर त्यसका लागि कानुन बनिसकेको रहेनछ’ भण्डारीले भनिन्- ’तुरुतै नागरिकता चाहिएका कारण बाबुको नामबाटै बनाउन कर लाग्यो ।’

तैपनि उनी बेखुसी भने भइनन् । आमाको नामबाट नागरिकता बनाउन पाउने यस्तो घोषणा होला भन्ने उनमा कल्पनै थिएन । ‘यो त हाम्रा लागि धेरै खुसीको कुरा हो’ उनले थपिन्- ‘तर, कानुन चाँडो बनाएर कार्यान्वयनमा ल्याउनुपर्‍यो ।’

जनआन्दोलनको बलमा स्थापित संसद्ले जेठ १६ गते आमाको नामबाट नागरिकता दिने घोषणा गरेको छ । यो घोषणालाई महिलाहरूले आफ्नो अधिकार प्राप्तिका लागि वर्षौंदेखि लड्दै आएको उपलब्धिको रूपमा पनि लिएका छन् । जसका कारण शोषण र उत्पीडनको पीडा भोगिरहेका महिलाहरूको अनुहारमा थोरै भए पनि चमक ल्याउने आशा छ ।

नागरिकताकै चिन्ताले घरपरिवारसँग थिचिएर बस्दै आएकी कास्की सार्दीखोला गाविस-७ की सीता गुरुङलाई पनि घोषणाले उज्यालो भविष्य देखाएको छ । परिवारसँग अंश लिई अलग्गै बसेको आठ वर्ष बितिसक्दा पनि छोरीले नागरिकता नपाउने हो कि भन्ने चिन्ताले उनी लोग्नेसँग छोडपत्र गर्न सकेकी थिइनन् ।

‘छोरीलाई नागरिकता नदेलान् कि भन्ने चिन्ता थियो, त्यसैले व्यावहारिक रूपमा छुट्टिएको आठ वर्ष बित्दा पनि लोग्नेसँग छोडपत्र माग्न सकिनँ’ उज्यालो अनुहार पार्दै उनी थप्छिन्- ‘अब मेरै नामबाट छोरीको नागरिकता पाउने भएपछि लोग्नेसँग छोडपत्र दिएर स्वतन्त्रपूर्वक म बाँच्न चाहन्छु ।’

श्रीमान्ले दोस्रो विवाह गरेपछि परिवारबाट त्यागिएकी सीता १३ वर्षकी छोरीसँगै हाल पोखरामा बस्दै आएकी छिन् । विगत सम्झँदै उनी भन्छिन्, ‘म आर्थिक रूपमा आफ्नै खुट्टामा उभिएकी छु । मलाई कसैले हेर्न परेको छैन, तर छोरीको जन्मदर्तादेखि स्कुल भर्नासम्म मैले उसको परिवारलाई पटक-पटक गुहार्नुपर्‍यो । अब त्यसो गर्नु नपर्ने भो ।’

उनको भन्दा कम पीडा छैन कास्की देउरालीकी बबिता गुरुङको । छोरी जन्मिएकै कारण सासूससुराबाट उनी तीन वर्षसम्म अपहेलित र तिरस्कृत भइन् । त्यो समयमा उनी घरेलु हिंसाको सिकार पनि बनिन् । उनलाई

श्रीमान् विदेशिएका बखत घरबाट निकालियो। पछि श्रीमान्ले दोस्रो विवाह गरे।

श्रीमान्ले छोडपत्र मागेपछि बबिताले सार्वजनिक रूपमा भनिन्- 'मलाई सम्पत्ति चाहिँदैन, तर मेरो सन्तानका निम्ति बाबुको नाम अवश्य चाहिन्छ। यदि ऊ मेरी छोरीलाई आफ्नो नाम दिन तयार छ भने म पनि उसलाई छोडपत्र दिन तयार छु।'

छोरीको नागरिकताका लागि बबिताले यसो भनेकी थिइन्। जस्तोसुकै कठोर पीडा सहरे पनि उनी घरमै बसिन्। चार वर्षकी छोरीको भविष्यका निम्ति उनले आफ्नो स्वाभिमानसँग सम्झौता गरिन्। अहिले उनले आमाको नामबाट नागरिकता पाउने घोषणा रेडियोबाट सुनेपछि न्यायको आशा राखेकी छिन्। उनी भन्छिन्- 'सायद अब धेरै समयसम्म छोरीका निम्ति मैले सौताको अत्याचार सहनुपर्दैन, अब त न्याय पाउँछु होला।' माया नहुँदानहुँदै पनि लोग्नेको अत्याचार सहेर बसिरहनुपर्दैन होला- उनी भन्छिन्।

आफ्नो अधिकार नहुँदाको पीडा सीता र बबिताले मात्रै पाएका छैनन्। सयौं महिला यो पीडा खप्न बाध्य छन्। अझै पनि यो पीडाबाट मुक्त छैनन् उनीहरू। पोखरा उपमहानगरपालिकासँगै जोडिएको भलाम गाविस-७ कास्कीकी कल्पना भण्डारी यस्तै पीडाबाट पीडित अर्की प्रतिनिधि हुन्। तीन छोरीको भविष्यका लागि उनले बारम्बार अथाह पीडा र यातना भोग्नुपर्‍यो। तैपनि उनी अलग्गै बस्न सकिनन्। बरु घर छाडिन्। तर परिवार छाड्न सकिनन्। केही समयअघि आयोजना गरेको नागरिकतासम्बन्धी यस्तै एउटा कार्यक्रममा उनले आँसुको धारा बगाउँदै आफ्नो बिन्ती यसरी पोखेकी थिइन्- 'ममा अब अरू शारीरिक र मानसिक यातना सहने क्षमता छैन, मलाई अरू केही चाहिँदैन तर मेरा छोरीहरूको सुरक्षित भविष्यका निम्ति पहल गरिदिनुपर्‍यो।'

उनलाई दिइएको यातना सार्वजनिक भएपछि कल्पनाले घर फर्कनुपर्ने सर्तमा उनका श्रीमान्ले छोरीहरूलाई नागरिकता दिने आश्वासन दिए। राम्रो व्यवहार पनि गर्ने वचन दिए। उनलाई मान्न करै लाग्यो। नमाने छोराछोरीले भविष्यमा नागरिकता नै पाउँदैनन् भन्ने चिन्ता उनमा थियो। आखिर जतिसुकै यातना पाए पनि उनी घरमै फर्किन नै बाध्य भइन्। कल्पनाको कथा सुन्नेहरू अहिले पनि यसरी भन्छन्- 'यसरी घर फर्केकी कल्पनाले के परिवारबाट मानवीय व्यवहार पाएकी होलिन् त?' जेठ १६ को क्रान्तिकारी घोषणा पहिले नै भइदिएको भए कल्पनाजस्ता धेरै आमाले घरेलु हिंसाको सिकार बन्नुपर्ने थिएन।

ढिलै भए पनि आममहिलाहरूका लागि यो घोषणा खुसीको विषय हो। तर, व्यवहारमा चाँडो कार्यान्वयन हुनुपर्ने टड्कारो आवश्यकता छ। नागरिकता लिने पुरानै प्रक्रिया छ। वंशजको आधारमा नागरिकता

*आमाको नामबाट नागरिकता चाहियो भनेर जिल्ला प्रशासनको ढोकामा समेत महिलाहरू दिनहुँ जाने गरेका छन्। तर प्रशासनले परिपत्र आएको छैन भन्दै फर्काउने गरेको छ। 'परिपत्र सँगसँगै आमा र बाबु दुवै उल्लेख गरिएको नागरिकताको प्रमाणपत्र पनि आउनुपर्‍यो' प्रमुख जिल्ला अधिकारी बद्रीनाथ घिमिरे भन्छन्- 'तर त्यो कहिलेसम्म आउने हो कुनै ठेगान छैन।'*

लिनका लागि १६ वर्ष उमेर पुगेकै हुनुपर्छ। उमेर पुगेकाले गाविस, नगरपालिका, जिविस वा सरकारको वहालवाला राजपत्रांकित अधिकृतको सिफारिससहित जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनुपर्छ। कार्यालयले निवेदकलाई आमाबाबु वा दाजुभाइबाट सनाखत गरिदिएपछि मात्रै नागरिकताको प्रमाणपत्र पाइन्छ।

तर, अहिले भइरहेका यस्ता सबै प्रावधानमा आमाहरूको कुनै पनि व्यवस्था छैन। नागरिकताको प्रमाणपत्रदेखि फारम भर्ने कागतमा समेत आमाको नाम कतै उल्लेख छैन। 'घोषणा भएपछि आमाको नामबाट नागरिकता चाहियो भनेर आउनेहरू छन्, तर परिपत्र नआएकाले सिफारिस गर्न सकिएको छैन' पोखरा उपमहानगरपालिकाका कर्मचारी रवि जमरकट्टेल भन्छन्- 'जेठ १६ अघि नागरिकताको सनाखत गर्न पनि बाबुहरू नै आउँथे, त्यसपछि भने आमाहरू बढी आउन थालेका छन्, यसमा सुधार भने आएको देखिन्छ।'

आमाको नामबाट नागरिकता चाहियो भनेर जिल्ला प्रशासनको ढोकामा समेत महिलाहरू दिनहुँ जाने गरेका छन्। तर प्रशासनले परिपत्र आएको छैन भन्दै फर्काउने गरेको छ। 'परिपत्र सँगसँगै आमा र बाबु दुवै उल्लेख गरिएको नागरिकताको प्रमाणपत्र पनि आउनुपर्‍यो' प्रमुख जिल्ला अधिकारी बद्रीनाथ घिमिरे भन्छन्- 'तर त्यो कहिलेसम्म आउने हो कुनै ठेगान छैन।'

परिपत्र आउनसाथ नगरदेखि गाविससम्मको सिफारिस, शाखा तथा जिल्ला प्रशासन कार्यालयको दर्ता फारम र रेकर्ड बुकसमेत परिवर्तन गर्नुपर्छ। ती सबै दस्तावेजमा पिता वा पतिको नाम मात्रै उल्लेख छ। आमाको नाम लेख्न मिल्ने प्रावधान कतै छैन। 'यो व्यवस्था नभएसम्म हामीहरू केही समय पर्खनुहोस्

भन्नेबाहेक केही गर्न सक्ने अवस्थामा छैनौं' प्रजिअ घिमिरेले थपे ।

आमाको नामबाट नागरिकता पाउनुपर्ने माग राख्दै वर्षौंदेखि लड्दै आएकी अधिवक्ता सारङ्गा सुवेदीको अनुभवमा यो घोषणाले महिला अधिकारका लागि सकारात्मक सन्देश दिएको भन्दै घोषणालाई अब घोषणामा नै सीमित राख्न नहुने बताउँछिन् ।

'यो घोषणा मात्र हो, यसलाई कानुन बनाउन अन्तरिम संविधान विधान मस्यौदा समितिले यो विषयलाई समेत सम्बोधन गर्नुपर्छ र अब बन्ने संविधानमा नै नागरिकतासम्बन्धी प्रावधानहरूको स्पष्ट व्याख्या गरिनुपर्छ' उनले भनिन् ।

नागरिकताको कानुनी इतिहास कोट्याउँदा नेपाल अधिराज्यको संविधान, २०१९ ले नेपाली आमाको सन्तानलाई जन्मसिद्ध नागरिकता प्रदान गर्ने व्यवस्था गरेको थियो । नेपाल अधिराज्यको संविधान, २०४७ ले वंशज र अंगीकृत आधारमा नागरिकता दिने प्रावधान राखेपछि उक्त कानुन खारेज गरियो । र, अहिले फेरि आमाको नामबाट नागरिकता दिने घोषणा संसद्ले गरेको छ । तर, यसलाई संविधानमा नै उल्लेख गरिनुपर्ने आममहिलाको आवाज छ । 'नागरिकताकै कारण पीडित र शोषित भएर बाँचेका महिलाको उद्धार गर्न पनि चाँडो कानुन बनेर आउनुपर्‍यो' महिला विकास कार्यालयकी अधिकृत मीरा शेरचन भन्छिन्- 'भोलि सन्तानले नागरिकता नपाउलान् कि भनेर घरेलु हिंसा सहँदासहँदै आहतमा बसिरहेका महिलाहरूलाई अब राहत दिन ढिलाइ गर्नुहुन्न ।'

मानवअधिकारवादीलाई यो घोषणाले खुसी तुल्याएको छ । 'यो हाम्रो पनि लडाइँ थियो' अनौपचारिक क्षेत्र सेवा केन्द्र पश्चिमाञ्चल क्षेत्रीय संयोजक जीवन्त वाग्ले भन्छन्-'मानवअधिकारको दृष्टिकोणबाट पनि यो घोषणा स्वागतयोग्य छ, र यसलाई व्यवहारमा नै समानता ल्याउने दिशामा लग्नुपर्छ ।'

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# काम एकातिर भीसा अर्कोतिर

**वैदेशिक रोजगारका लागि सफल भएकी सुशीला मात्रै होइन यस्तो प्रयास गर्दा ठगिने पनि प्रशस्त छन् । सँगै पढेकी साथी कमला कार्की वैदेशिक रोजगारका लागि इजरायल पुगेपछि उनकै दौंतरी नवलपरासीकी अस्मिता केसीलाई पनि जाउँजाउँ लाग्यो । सहपाठीले मासिक ५ सय ५० अमेरिकी डलर कमाउने गरेकी छु भनेर खबर गरेपछि त अस्मितालाई खपिनसक्नु भयो र उनी माध्यमको खोजीमा भौंतारिइन् । वैदेशिक रोजगारीका लागि पठाइदिने सम्पर्क व्यक्ति भेटेर केही पैसासमेत बुझाएपछि इजरायल जान पाइने भयो भनी फुरुङ्ग परेकी अस्मिताको खुसी भने अर्कै मुलुकको भीसा आएपछि त्यसै ओइलाएर गयो ।**

**✍ भरतराज पोखरेल**

महिलाका लागि वैदेशिक रोजगार आत्मनिर्भरतासँगै चुनौतीको विषय भएको छ । वैदेशिक रोजगारको माध्यमबाट कतिपय महिलाले आफ्नो जिन्दगीमै आमूल परिवर्तन ल्याएका छन् तर कतिपय भने ठगीको सिकार बनेका छन् । बाँकेकी सुशीला सुनार वैदेशिक रोजगारमा गएर फर्केको एक महिना नपुग्दै फेरि विदेशिने तरखरमा छिन् । व्यक्तिगत पहलमा घरेलु कामदारको रूपमा साउदी अरेबियाको दमाममा तीन वर्ष बिताएर भर्खरै मात्र नेपाल फर्केकी सुशीला अब भने कुवेत जाने तयारीमा छिन् । विदेशको अनुभवले उनमा आत्मविश्वास र आत्मबल त बढेको छ नै आत्मनिर्भरताका आँकुरा पनि त्यत्तिकै पलाएका छन् ।

पहिलोपटक वैदेशिक रोजगारको सिलसिलामा तीन वर्ष मात्र साउदीमा बसे पनि उनले लामो अनुभव सँगालेकी छन् । पर्याप्त जानकारी र तालिमको अभावका कारण घरायसी काम नजान्दा पिटाइसम्म खानुपरेको अनुभव सुशीलाको छ । तर, सुरुसुरुका समस्याबाट आत्तिन नहुने र समयक्रममा यस्ता समस्या आफैं समाधान हुँदै जान्छन् भन्ने कुरा पनि उनले पाएको महत्वपूर्ण शिक्षा हो । सुशीला भन्छिन्, 'काम बिगार्दा त जो पनि रिसाउँछ,

*शिक्षित एवं सचेत अस्मिताले भीसा नहेरी बाँकी पैसा नतिर्ने अडान लिएपछि भीसा हेर्न दिइयो तर त्यो भीसा इजरायलको नभई दुबईको थियो । त्यसपछि पनि उनलाई पहिले दुबई जाने र त्यसपछि इजरायल जाने भनेर भुक्याउन खोजियो । तर सचेत अस्मिताका अगाडि जाली कामको पर्दाफास भयो नै । आखिर दुबईमा घरेलु कामदारका लागि भीसा लगाएको भेद खुल्यो ।*

पैसा र बहुमूल्य सामान यताउता पारी भन्ने लाग्यो भनेचाहिं हातपात पनि गर्दारहेछन् ।' उनको अनुभवले भन्छ, 'इमान्दारिताको परीक्षा लिन पनि पैसा वा बहुमूल्य सामान त्यत्तिकै फाल्दारहेछन्, त्यसको जतन गरेर राखिदिनुपर्ने रहेछ ।' अधिकांश कुटपिटका घटनामा यस्तै विषय जिम्मेवार हुनसक्ने अनुमान उनको छ। कामको प्रकृति र ठाउँको बारेमा पर्याप्त जानकारी र आवश्यक तालिम लिएर गए त्यस्ता समस्या भोग्नु नपर्ने सुझाव सुशीलाको छ ।

आफैंले कमाइ गर्न सकेपछि आफ्नै खुट्टामा उभिने र भावी जिन्दगीको बारेमा आफैं योजना बनाउने साहस पनि उनमा पलाएको छ। घरजग्गाजस्ता न्यूनतम आवश्यकताको पूर्ति भएपछि मात्रै घरजम गर्ने सोच उनमा छ। 'अब एकपटक कुवेत गएर पुन: पैसा कमाएर ल्याएपछि मात्र विवाह गर्नुपर्ला' २२ वर्षीया सुशीलाले भावी योजना सुनाइन् ।

बाँकेकै एच गाउँकी सीता सुनारले कुवेतमा गएर मासिक २० हजार कमाएको खबर पठाएपछि उनी कुवेत जाने तयारीमा लागेकी हुन्। पहिलोचोटी विदेश जाँदा घरपरिवारबाट अवरोध भएपछि दिदीको सहारा लिएर देश छोडेकी सुशीलालाई यसपालि भने त्यति ठूलो छेकथुन छैन। उनी भन्छिन्, 'बुबाआमाले नजा, अब विवाह गरेर बस् त भन्नुहुन्छ तर तँ जाँदै नजा भनेर रोक्नुभएकोचाहिं छैन ।'

वैदेशिक रोजगारका लागि सफल भएकी सुशीला मात्रै होइन यस्तो प्रयास गर्दा ठगिने पनि प्रशस्त छन्। सँगै पढेकी साथी कमला कार्की वैदेशिक रोजगारका लागि इजरायल पुगेपछि उनकै दौंतरी नवलपरासीकी अस्मिता केसीलाई पनि जाउँजाउँ लाग्यो। सहपाठीले मासिक ५ सय ५० अमेरिकी डलर कमाउने गरेकी छु भनेर खबर गरेपछि त अस्मितालाई खपिनसक्नु भयो र उनी माध्यमको खोजीमा भैतारिइन्। वैदेशिक रोजगारीका लागि पठाइदिने सम्पर्क व्यक्ति भेटेर केही पैसासमेत बुझाएपछि इजरायल जान पाइने भयो भनी फुरुङ्ग परेकी अस्मिताको खुसी भने अर्कै मुलुकको भीसा आएपछि त्यसै ओइलाएर गयो ।

घरको चुलोचौकोबाट माथि उठेर वैदेशिक रोजगारतिर महिला पनि आकर्षित हुन थालेपछि अस्मिताका जस्ता घटना बढ्दै गएका छन्। शिक्षित भएकीले उनी थप ठगिनबाट भने जोगिएकी छन्। सीएमए गरेकी अस्मिताले वैदेशिक रोजगारीमा जाने इच्छा जागेपछि सम्पर्क व्यक्ति खोज्दै जाँदा नवलपरासीकै एमबहादुर सुनारलाई भेट्टाइन्। सुनारले काठमाडौंको सूर्य म्यानपावरमा इजरायल जानका लागि सम्पर्क गराइदिए। उनले साढे चार लाख तिर्ने सर्तसहित पेश्की ३० हजार र आवश्यक सम्पूर्ण कागजपत्र म्यानपावरमा बुझाइन्। गत कार्तिकमा अन्तर्वार्तामा सामेल भएपछि त्यसको एक महिनामा उनलाई भीसा आएको भनी बाँकी रकम तिर्न खबर गरियो ।

शिक्षित एवं सचेत अस्मिताले भीसा नहेरी बाँकी पैसा नतिर्ने अडान लिएपछि भीसा हेर्न दिइयो तर त्यो भीसा इजरायलको नभई दुबईको थियो। त्यसपछि पनि उनलाई पहिले दुबई जाने र त्यसपछि इजरायल जाने भनेर भुक्याउन खोजियो। तर सचेत अस्मिताका अगाडि जाली कामको पर्दाफास भयो नै। आखिर दुबईमा घरेलु कामदारका लागि भीसा लगाएको भेद खुल्यो। त्यसपछि भने अस्मिताले जान मानिनन्। उनले पासपोर्ट त जसोतसो फिर्ता लिइन् तर बुझाइसकेको रकम भने फिर्ता लिन सकेकी छैनन् ।

ठगिनेमा अस्मिता मात्र एक्लै छैनन्। जहदा गाविस गोपीगञ्ज नवलपरासीकी यी किशोरीसँगै उनका सहपाठी माकरकी टीका पौडेल र रोजी थापा अनि भुमहीकी दिव्या खनाल पनि एकैपटक ठगिएका छन्। उनीहरू चारैजनाले जनही ३०।३० हजार बुझाएका थिए तर त्यो पैसा फिर्ता लिन सकेका छैनन्। अहिले बर्दघाटमा कम्युनिकेसन सेन्टर सञ्चालन गरेर बसेकी अस्मिता भन्छिन्- "पैसा माग्न म्यानपावरमा जाँदा भीसा आएको ठाउँमा नगएपछि त्यो पैसा त्यही भीसामा कट्टी भयो, तिमीहरूले पाउँदैनौ भने।" उनले पैसा फिर्ता गराउन उजुर गर्ने निकाय आफूलाई थाहा नभएको पनि बताइन्। अस्मिताले थपिन्- "उजुर गर्न जाउँ भने पनि कहाँ जाने हो थाहा छैन, त्यत्तिकै त्यत्रो पैसा माया मार्न पनि सकिएन ।"

कुरा खुल्दै गएपछि साढे चार लाखको ठाउँमा ९० हजार मागेर दुबई जाने प्रस्ताव पनि म्यानपावरले राखेको थियो तर अस्मिताको टोलीले त्यसलाई अस्वीकार

गऱ्यो । अस्मिता भन्छिन्, 'यहीं त यसरी ठगेर लान खोज्नेले उता पनि राम्रो लगाइदेला भनेर कसरी विश्वास गर्ने ? पहिले नै दुबईका लागि हो भनेको भए त्यहीं पनि गइन्थ्यो कि ?'

एकपटक ठगिए पनि वैदेशिक रोजगारीमा जाने उनको जाँगर भने सेलाएको छैन । राम्रो माध्यम भए उनीहरू चारैजना फेरि एकपटक इजरायलका लागि प्रयास गर्ने योजनामा छन् तर उपयुक्त माध्यम पाउन सकेका छैनन् । अस्मिता भन्छिन्, "भरपर्दो माध्यम भए त फेरि एकपटक प्रयास गर्नहुन्थ्यो, तर जिल्लामा बसेपछि त्यो अवसर नै कम हुँदोरहेछ ।"

वैदेशिक रोजगारीका लागि जानेमा प्रायः पुरुषहरू नै हुने भएकोले ठगिनेको संख्या पनि पुरुषहरूकै अत्यधिक छ । तर, पछिल्लो अवधिमा महिला पनि यसतर्फ आकर्षित भएपछि अब ठगिनेमा महिलाको संख्या थपिएको छ । त्यसमा पनि सीधासादा महिला नै बढी ठगिने गरेका छन् ।

गत आर्थिक वर्षको तुलनामा यो वर्ष रोजगारीका लागि विदेशिने महिलाको संख्या बढेको छ । श्रम तथा रोजगार प्रवर्द्धन आयोगको तथ्याङ्कअनुसार आर्थिक वर्ष ०६१।६२ मा जम्मा ५ सय ९० जना महिला वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा गएका थिए भने यो वर्ष गत माघसम्म मात्र ६ सय ९१ जना विदेश गइसकेका छन् । यो वर्ष सरदर मासिक एक सयको संख्यामा वैदेशिक रोजगारीका लागि महिला विदेशिने गरेका छन् । महिलाहरूका लागि आकर्षक गन्तव्य भने इजरायल भएको छ । खाडी मुलुकमा महिलाका लागि निर्वाध जान पाइने व्यवस्था नभएकोले यी मुलुकमा जाने महिलाको संख्या कम छ । चालू आर्थिक वर्षको बजेट भाषणमा महिलालाई वैदेशिक रोजगारमा लगाइएको बन्देज खुला गरिएको छ भन्ने प्रावधान उल्लेख भएकोले अब यी मुलुकमा पनि महिलाहरूको संख्या बढ्न सक्ने अनुमान भने गर्न सकिन्छ । अघिल्लो वर्षको सुरुको सात महिनाको अवधिमा

*एकपटक ठगिए पनि वैदेशिक रोजगारीमा जाने उनको जाँगर भने सेलाएको छैन । राम्रो माध्यम भए उनीहरू चारैजना फेरि एकपटक इजरायलका लागि प्रयास गर्ने योजनामा छन् तर उपयुक्त माध्यम पाउन सकेका छैनन् । अस्मिता भन्छिन्, "भरपर्दो माध्यम भए त फेरि एकपटक प्रयास गर्नहुन्थ्यो, तर जिल्लामा बसेपछि त्यो अवसर नै कम हुँदोरहेछ ।"*

इजरायलमा मात्र ३ सय ३६ जना गइसकेका छन् भने २०६१ मा ३ सय ५२ जना महिला रोजगारीका लागि त्यहाँ गएका थिए । सरकारी आँकडा यति भए पनि विभिन्न माध्यमबाट रोजगारीका लागि बाहिरिन सक्ने अवस्था रहेकोले वैदेशिक रोजगारीमा जाने महिलाको संख्या यो भन्दा निकै बढी भएको अनुमान गर्न भने गाह्रो पर्दैन ।

एक त सामाजिक वा विभिन्न कारणले महिलाका लागि वैदेशिक रोजगारी त्यति सहज छैन, त्यसमा पनि ठगीका समस्या बढ्दै जाँदा यसले थप हतोत्साही पार्ने सम्भावना छ । सुशीलाकै जस्तो गरी सजिलै वैदेशिक रोजगारीको अवसर धेरैले पाउन सक्दैनन् अनि उनले महसुस गरेको आवश्यक तालिमतिर त झन् ध्यान पुग्नै सकेको छैन । वैदेशिक रोजगारले महिलालाई आत्मनिर्भर त बनाएको छ तर आवश्यक सूचना नपाउनु र त्यसमा पनि ठगीका समस्या वैदेशिक रोजगारीमा जान चाहने महिलाका लागि थप चुनौतीका रूपमा खडा भएका छन् ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५५४७२९१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो। सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिकासम्बन्धी समाचार तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं। यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं। र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं।

सञ्चारिका समूह